<u>मिति २०७८/०२/०५ को ४८ कार्यपालिकाको बैठकका प्रस्तावहरु :</u>

**प्रस्ताव नं. १** : ४७ औ कार्यपालिकाको बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

**प्रस्ताव नं. २ :** कोभिड-१९ को नियन्त्रण सम्बन्धी जानकारी तथा कार्ययोजना निर्माण सम्बन्धमा ।

**प्रस्ताव नं. ३ :** विभिन्न कार्यविधिहरु तथा निर्देशिकाहरु स्वीकृत गर्ने सम्बन्धमा ।

- गल्कोट नगरपालिकाको आन्तरिक लेखापरीक्षण निर्देशिका २०७८
- गल्कोट नगरपालिकाको वालकोष संचालन सम्बन्धी कार्यविधि २०७८

**प्रस्ताव नं.४** : आगामी आ.व.०७८/७९ को आयोजना तथा कार्यक्रम प्राथमिकीकरण गरी पेश गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं.५** : निषेधाज्ञाको समयमा सेवा प्रवाह तथा सम्पन्न भएको आयोजनाको रकम भुक्तानी सम्बन्धमा ।

**प्रस्ताव नं.६** : बैशाख महिनाको चालु तथा पुंजीगत शिर्षकमा भएको खर्च अनुमोदन सम्बन्धमा ।

**प्रस्ताव नं.७** : विविध सम्बन्धमा ।

आज मिति २०७८।०२।०५ गते गलकोट नगरपालिकाका नगरप्रमुख भरत शर्माको अध्यक्षतामा बसेको नगरकार्यपालिकाको ४[illegible] औं वैठकमा भएको उपस्थिति तपसिल बमोजिम रहेको छ ।

तपसिल :

| क्र.स | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भरत शर्मा | नगर प्रमुख | |
| २ | रेणुका काउचा मगर | नगर उपप्रमुख | |
| ३ | नेत्रवहादुर वुढाथोकी | वडा अध्यक्ष १ | |
| ४ | हिमवहादुर भण्डारी | वडा अध्यक्ष २ | |
| ५ | विरजंग भण्डारी | वडा अध्यक्ष ३ | |
| ६ | बलवहादुर खत्री | वडा अध्यक्ष ४ | |
| ७ | नारायणध्वज मल्ल | वडा अध्यक्ष ५ | |
| ८ | नरवहादुर खत्री | वडा अध्यक्ष ६ | |
| ९ | ~~टिकावहादुर थापा~~ लक्ष्मी सार्की | वडा ~~अध्यक्ष~~ ७ सदस्य | |
| १० | राम प्रसाद कंडेल | वडा अध्यक्ष ८ | |
| ११ | तेज बहादुर थापा | वडा अध्यक्ष ९ | |
| १२ | तिलक घर्ती मगर | वडा अध्यक्ष १० | |
| १३ | डम्वरवहादुर श्रीस | वडा अध्यक्ष ११ | |
| १४ | कमलाकुमारी ढकाल | कार्यपालिका सदस्य | |
| १५ | रत्नकला अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | राधिका पुन | कार्यपालिका सदस्य | |
| १७ | विष्णु वि.क. | कार्यपालिका सदस्य | |
| १८ | शिवकुमारी खत्री | कार्यपालिका सदस्य | |
| १९ | गणेश शेरचन | कार्यपालिका सदस्य | |
| २० | नारायण नेपाली | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | हरि प्रसाद शर्मा | प्रमुख प्रशासकीयक अधिकृत | |
| | **अन्य उपस्थिति** | | |
| १ | रुद्रनारायण सापकोटा | उप सचिव | |
| २ | तुल बहादुर बि.क. | प्रशासकीय अधिकृत | |
| | | | |
| | | | |

**निर्णय नं.१ :** गत महिनाको बैठकको निर्णयहरुको वारेमा छलफल गरी अधिकांश निर्णयहरु कार्यान्वयनमा रहेको समीक्षा गरी आगामी दिनमा थप प्रभावकारी बनाउने निर्णय गरियो

**निर्णय न.२ :** दोस्रो लहरको कोभिड-१९ को संक्रमण यस गल्कोट नगरपालिकामा पनि तिव्र रुपमा फैलिदै गएकोले त्यसको प्रभावकारी नियन्त्रण र व्यवस्थापनको लागि तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

एम्बुलेन्स सेवालाई प्रभावकारी बनाउन थप गाडीको व्यवस्था र बैकल्पिक एम्बुलेन्स चालकको व्यवस्था गर्ने र तपसिल बमोजिमको कार्यविभाजन गर्ने ।

नगर प्रमुख उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत स्वास्थ्य शाखा प्रमुख र वडा नं.२ का वडा अध्यक्ष हिम बहादुर भण्डारी रहेको मुल समितिले आवश्यक्ताको आधारमा आवश्यक निर्णय गर्ने ।

पि.सि.आर परीक्षणलाई निरन्तरता दिने र व्यवस्थापन सम्बन्धित स्वास्थ्य संस्था र स्वास्थ्य शाखाले गर्ने एम्बुलेन्सको सम्पर्क व्यक्ति नारानयध्वज मल्ल वडा अध्यक्ष वडा नं.५ र कमलाकुमारी ढकाल कार्यपालिका सदस्य ।

कोभिड अस्पतालको व्यवस्थापन अस्पताल व्यवस्थापन समितिले गर्ने र सम्पुर्ण विल भरपाई नगरपालिकाले भुक्तानी गर्ने ।

होम आईसोलेसन अनुगमन तथा परामर्शको लागि सम्बन्धित टोलको जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका र शिक्षक सहितको टोलीले संक्रमित विरामीको घरमा गई सुरक्षित राख्ने व्यवस्था गर्ने ।

सम्भाविक संक्रमितको मृत्यु भएमा दाहसंस्कार गर्ने कार्यको लागि आवश्यक्ताको आधारमा पि.पि.ई नगरपालिकाले उपलब्ध गराउने ।

सके

सम्म प्रत्येक स्वास्थ्य संस्थामा अक्सिजन सिलिडरको व्यवस्था गर्ने ।

**निर्णय नं.३ :** गल्कोट नगरपालिकाको प्रशासनिक कार्यविधि ऐन २०७५ बमोजिम बैठकमा पेश हुन आएको तपसिल बमोजिमका कार्यविधि तथा निर्देशिकाहरु माथि दफावार छलफल पश्चात थप संशोधन सहित सर्वसम्मत रुपमा स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

गल्कोट नगरपालिकाको आन्तरिक लेखापरीक्षण निर्देशिका २०७८

गल्कोट नगरपालिकाको वालकोष संचालन सम्बन्धी कार्यविधि २०७८

<u>तपसिल :</u>

**निर्णय नं. ४ :** आगामी आर्थिक वर्ष ०७८/७९ को लागि वडा तथा नगरस्तरीय आयोजना तथा कार्यक्रमहरु स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरी प्राथमिकीहरण गरी जेठ मसान्त भित्र नगरपालिका समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** कोभिड-१९ को नियन्त्रणको लागि जिल्ला प्रशासन कार्यालय बागलुङवाट जिल्लाभर जेठ १५ गते सम्म निषेधाज्ञा जारी गरेको र सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको रकम भुक्तानी

गलकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय गलकोट, बागलुङ

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

नगरेमा आसार महिनामा अत्यधिक चाप पर्ने कुरालाई मध्यनजर गर्दै जेठ १६ गते देखी वडागत रुपमा समय निर्धारण गरी रकम भुक्तानी गर्ने व्यवस्था गर्ने  निर्णय गरियो ।

**निर्णय नं. ६** : बैशाख महिनामा चालु, पुंजीगत र अन्य शिर्षकमा भएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

गलकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय गलकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत